**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी**

आदेश

०७३-WO-१०२३

**मुद्दाः- परमादेश।**

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. २ सानेपा बस्ने अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली ........................................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३२ बस्ने सीमा विज्ञ बुद्धिनारायण श्रेष्ठ ........................................................................१

भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १ लोकन्थली बस्ने अधिवक्ता बिमल ज्ञवाली ........................................................................१ निवेदक

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. १ कुपण्डोल बस्ने अधिवक्ता लिलाधर उपाध्याय ........................................................................१

ऐ.ऐ. वडा नं. २५ भैसेपाटी बस्ने अधिवक्ता शशीकुमार कार्की ...........................१

**विरुद्ध**

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ........................................................................१

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं .......................१

व्यवस्थापिका संसद, संसद सचिवालय सिंहदरबार, काठमाडौं .............................१

परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ..................................................१ प्रत्यर्थी

रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ......................................................१

गृह मन्त्रालय, सिंहदरबार काठमाडौं .......................................................१

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ...................१

भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं .................................१

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौं ................१

वन तथा भुसंरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौं ........................................१
अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........................................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. नेपाल र भारत बीच रहेको खुला सीमाना व्यवस्थापन तथा नियमन हुन सकेको छैन। जसका कारण सीमा क्षेत्रमा विभिन्न खालका अवैध गतिविधि बढ्नुका साथै एक देशमा अपराधिक कार्य गरी अर्को देशमा लुक्ने र त्यस्ता अपराधिक गतिविधिलाई निरन्तरता दिने गरेको पाइन्छ। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितसमेत सरकारको अहम् संवैधानिक दायित्व हो। नेपाल र भारतबीच खुला सीमा व्यवस्था अपनाइनेछ भन्ने सम्बन्धमा कुनै सन्धि सम्झौता, लेखोट, पत्राचार लगायतमा उल्लेख भएको छैन। तथापि दुई देशबीच अनौपचारिक हिसाबले खुला सीमा व्यवस्था प्रचलनमा रहेको छ र सरकारले समेत खुला सीमा प्रचलनमा रहेको भनी सीमा व्यवस्थापन तथा नियमनमा चासो दिएको छैन। जसका कारण सीमा क्षेत्रमा हुने विभिन्न खालका अपराधिक गतिविधि रोक्न, दशगजा क्षेत्रको सुरक्षा तथा खुला सीमालाई व्यवस्थित गर्न नसक्दा खुला सीमा दुरुपयोग भई लागू औषध ओसार पसार, तस्करी लगायतका जघन्य अपराधीहरु एक अर्को देशमा भागेर लुक्ने लगायतका विभिन्न अवाञ्छित गतिविधिहरु बढी रहेतापनि नेपाल-भारत बीच खुला सीमाना व्यवस्थापन तथा नियमन सम्बन्धमा सन्धि सम्झौताको पुनरावलोकन गर्ने कार्यमा नेपाल सरकारले पहल गर्न तथा नेपाली जनताको जीउधनको सुरक्षा र सीमा दुरुपयोग एवम् मिचाईको कार्य रोक्न, नेपाल भारत सीमा वारपार गर्ने सतह मार्गका यात्रुसमेतका लागि हवाई मार्गका यात्रुका लागि लागू गरी प्रचलनमा आए जस्तै गरी नियमन सीमा व्यवस्था अन्तर्गत सीमा नाकामा रहेको अध्यागमन कार्यालयमा परिचयपत्र देखाई त्यसको अभिलेख राखी सीमा वारपार गर्ने कार्यसमेत नेपाल सरकारले हालसम्म प्रभावकारी रुपमा गरेको देखिदैन। तसर्थ, नेपालको

स्वतन्त्रता, सार्वभौमकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता तथा स्वाभिमान र नेपालीको हक हितको रक्षाका साथै सीमानाको सुरक्षा गर्नु सरकारको दायित्व भएकाले नेपाल-भारत बीच खुला सीमाना व्यवस्थापन तथा नियमन सम्बन्धमा सन्धि सम्झौताको पुनरावलोकनको लागि पहल गर्न, नेपाली जनताको जीउधनको सुरक्षा र सीमा दुरुपयोग रोक्न, सीमा मिचाइ रोक्न, नेपाल-भारत सीमा वारपार गर्ने सहत मार्गका यात्रुलाई सीमा नाकामा रहेको अध्यागमन कार्यालयमा परिचयपत्र देखाई त्यसको अभिलेख राखी सीमा वारपार गर्ने कार्य गरी सीमा व्यवस्थापन एवम् नियमन गर्नु गराउनु भनी नेपालको संविधानको धारा ५, १६, १७(२) को (क), (ख), (ङ), (च), ५१ (ड) को (१) (२) र ५२, अध्यागमन ऐन, २०४९ को दफा ३, राहदानी ऐन, २०२४ को दफा २ र ३ तथा नेपाल सन्धि ऐन, २०४७ को दफा २, ३, ५, ९ समेतको आधारमा नेपालको संविधानको धारा ४६, १३३ (२), (३) बमोजिम विपक्षीहरुका नाममा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७३/१२/१३ को निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी गर्न नपर्ने हो ? आदेश जारी गर्न नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नु भनी यो आदेश र निवेदनपत्रको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७३।१२।१८ मा यस अदालतबाट भएको आदेश।

३. नेपाल सरकार र विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबीच हुने सन्धि सम्झौताको मस्यौदाका सम्बन्धमा निर्णय गर्दा त्यस्तो निर्णय गर्नुपूर्व यस मन्त्रालयको परामर्श लिनुपर्ने व्यवस्था नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम (९) को उपनियम (१) को खण्ड (ग) मा उल्लेख भएको अवस्था छ। उक्त कानूनी व्यवस्था अनुसार नेपाल सरकार वा नेपाल सरकारको कुनै सरकारी निकायबाट नेपाल र भारतबीच खुला सीमाना व्यवस्थापन तथा नियमन सम्बन्धी सन्धि सम्झौताको विषयमा परामर्शका लागि लेखी आएमा यस मन्त्रालयबाट नेपालको संविधान एवम् प्रचलित नेपाल कानूनको अधीनमा रही आवश्यक कानूनी परामर्श दिइन्छ। तसर्थ, उल्लिखित विषयलाई लिएर यस

मन्त्रालयलाई विपक्षी बनाई रिट दायर गर्नु कुनै औचित्य देखिँदैन भन्नेसमेत बेहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट पेश गरेको लिखित जवाफ।

४. निवेदकको मुख्य मागदावी नेपाल र भारतबीच खुला सीमाना व्यवस्थापन र नियमन सम्बन्धमा गरिनु पर्ने सन्धि सम्झौताको पुनरावलोकन लगायत जनताको सुरक्षा र सीमा अतिक्रमणसमेतका समस्याहरुको समाधान गर्नुपर्ने भन्ने रहेको देखिन्छ। यस्तो विषय नीतिगत र दुई पक्षीय सम्बन्धको विषय हो। यस्तो विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने देखिँदैन। यस मन्त्रालयले सो सम्बन्धमा प्रतिकूल असर पर्ने कुनै पनि काम कारवाहीसमेत नगरेकोले निवेदकले यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कुनै कारण नभएको हुँदा सो विषयमा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने अवस्था देखिँदैन। तसर्थ, यस मन्त्रालयलाई विपक्षी बनाएको निवेदन दावी खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट पेश भएको लिखित जवाफ।

५. निवेदकले उठाएका विषय प्रति नेपाल सरकार तथा गृह मन्त्रालय संवेदनशील रहेको छ। नेपाल भारत बीचमा आवागमनलाई व्यवस्थापन गर्न सीमा क्षेत्रमा ६ वटा अध्यागमन कार्यालयहरु स्थापना भई कार्य सञ्चालन भइरहेको छ। साथै द्विपक्षीय हित र सम्वृद्धिका लागि नेपाल र भारतका विज्ञहरु रहेको प्रवुद्ध व्यक्ति समूह (ई.पि.जि) कमिटी गठन भई सन् १९५० को सन्धि लगायतका विषयमा छलफल भइरहेको छ। नेपाल-भारतका गृहमन्त्री, गृह सचिव तथा उच्च अधिकारी बीच विभिन्न समयमा निवेदकले उठाएका विषयहरु सीमा व्यवस्थापन, अन्तर्गत सीमा अपराध, तस्करी, मानव ओसार पसार नियन्त्रण, अवान्छित तत्वहरुको चलखेल नियन्त्रण, नक्कली मुद्रा नियन्त्रण एवम् अवैध लागू औषध ओसार पसार नियन्त्रण सम्बन्धमा आपसी सहयोग तथा सूचना आदान प्रदान जस्ता एजेन्डा र समसामयिक सुरक्षा व्यवस्थापनका विषयमा बैठक, अन्तरक्रिया हुँदै आइरहेको छ। सीमा जोडिएका स्थानका जिल्ला प्रशासन कार्यालयहरुको बैठक भई सीमा व्यवस्थापन र आवागमन व्यवस्थित गर्ने कार्यमा निरन्तर छलफल भइरहेको छ। सीमा क्षेत्रको सुरक्षा प्रबन्ध गर्नको लागि सशस्त्र प्रहरी बल नेपाललाई जिम्मेवारी तोकिएको छ। यसरी निवेदकले उठाएका विषयवस्तुलाई सम्वोधन गर्ने प्रयास भइरहेको नै छ। नेपाल सरकारले

आफ्नो आन्तरिक क्षमता बिस्तार गर्दै कूटनीतिको माध्यमबाट आवश्यक देखेका विषयमा द्विपक्षीय रुपमा नेपाल भारतबीच सीमा व्यवस्थापन र आवागमनका सम्बन्धमा संविधान तथा प्रचलित कानूनको अधीनमा रही सन्धि सम्झौता गर्ने नै छ। प्रस्तुत सन्दर्भमा वस्तुनिष्ठ आधार र प्रमाण बिना सीमा तथा आवागमन व्यवस्थापनका सम्बन्धमा कुनै कार्य, कारवाही अघि नबढाइएको भनी आधारहीन र तथ्यहीन आधारमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन बदर गरी पाउँ भन्नेसमेत बेहोराको गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

६. व्यवस्थापिका-संसद र यस सचिवालयको के, कुन काम कारवाहीबाट रिट निवेदक तथा अन्य नागरिकको मौलिक हकमा आघात पुगेको र राज्यलाई हानी नोक्सानी पुगेको भन्ने कुरा रिट निवेदनमा खुलाउन सकेको छैन। कार्यपालिकाले तथा कार्यपालिका मातहतका सरकारी निकायबाट कार्यान्वयन हुनुपर्ने कार्यका सम्बन्धमा अर्थात् संसदले तर्जुमा गरेका कानून कार्यपालिकाले कार्यान्वयन नगरेको सम्बन्धमा विशुद्ध रुपमा व्यवस्थापिका-संसदलाई प्रशासनिक सहयोग गर्ने यस व्यवस्थापिका-संसद सचिवालयलाई विपक्षी बनाउनु पर्ने कुनै तथ्यगत आधार नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको व्यवस्थापिका संसद तथा व्यवस्थापिका संसद सचिवालयको तर्फबाट पेश भएको लिखित जवाफ।

७. रिट निवेदकले यस मन्त्रालयलाई के, कुन आधारमा विपक्षी बनाउनु भएको हो? यस मन्त्रालयको के, कस्तो काम कारवाहीबाट निजको हक अधिकारमा असर पर्न गएको हो भन्ने सम्बन्धमा निवेदनमा कहिँकतै खुलाउनु भएको छैन। निवेदकले दावी लिनु भएको विषयको प्रत्यक्ष कार्यक्षेत्र अन्तर्गत यस मन्त्रालयको काम, कर्तव्य र अधिकारक्षेत्र पर्ने पनि देखिँदैन। यसर्थ, असान्दर्भिक र औचित्यहीन रुपमा यस मन्त्रालयलाई विपक्षी बनाइएको देखिँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।

८. नेपाल सरकार विद्यमान संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने एवम् नागरिकका संविधान तथा कानून प्रदत्त हक एवम् अधिकारहरुको सम्मान, संरक्षण र सम्वर्द्धन गरी उपभोगको सुनिश्चतता प्रदान गर्ने कुरामा

प्रतिवद्ध रहेको छ। सीमा नियमन तथा व्यवस्थापन गर्ने विषय सम्मानित अदालतबाट न्यायीक निरुपण हुने विषय नै होइन। सीमा व्यवस्थापन र नियमन गर्ने विषय विशुद्ध राष्ट्र राष्ट्रबीचको कुटनैतिक चासो र सरोकारको विषय हो। उक्त विषय सीमा जोडिएका मुलुकहरुको बीचमा पारस्परिक हितको आधारमा निर्दिष्ट र व्यवस्थित हुने गर्दछ। नेपाल र भारत बीचको सीमा व्यवस्थापन तथा नियमनको विषय पनि यी दुवै मुलुकहरुको साझा चासो र सरोकारको विषय हो। सो सम्बन्धमा नेपाल सरकारले कुटनीतिक एवम् अन्य माध्यमबाट समेत आफ्नो मुलुक र नागरिकको जिउ ज्यानको सुरक्षा एवम् हितलाई संरक्षण गर्ने सम्बन्धमा सदैव क्रियाशील एवम् संवेदनशील रहेको छ। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने काममा नेपाल सरकार दृढ संकल्पित रहेको छ। यसका लागि नेपाली सेना लगायतका सुरक्षा निकायहरुलाई नेपाल सरकारले चुस्त र दुरुस्त अवस्थामा राख्ने कार्य गरिरहेको छ। साथै, नेपाल र भारत बीच सदियौंदेखि खुला सीमाना कायम रहेको र दुवै देशका नागरिकहरु बिना अवरोध आवतजावत गरिरहेको यथार्थ हो। नेपाल र भारतबीच आम नागरिकको बीचमा रहेको पारिवारिक तथा विशिष्टिकृत सम्बन्धलाई ध्यान दिंदै द्विपक्षीय हित र सम्वृद्धिका लागि नेपाल र भारतका विज्ञहरु रहेको प्रवुद्ध व्यक्ति समूह गठन भई दुवै मुलुकहरुको बीचमा भएका सन्धि सम्झौताको अध्ययन जारी रहेको छ। दुवै देशका बीच समय समयमा सुरक्षा व्यवस्थापनका विषयमा बैठक अन्तरक्रिया हुँदै आइरहेको छ। सीमा सुरक्षाको सम्बन्धमा समेत नेपाल सरकारका सम्बन्धित निकायबाट कार्य भइरहेको कुरालाई अनदेखा गरी दायर भएको प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको रक्षा मन्त्रालयको तर्फबाट पेश गरेको लिखित जवाफ।

९. नेपाल र भारत बीचको सीमानाका सम्बन्धमा सन् १८१६ को सुगौली सन्धिले व्यवस्था गरेको र सन् १९५० को सन्धिले दुई देश बीचको सम्बन्धका बारेमा उल्लेख गरेको छ। वर्तमान सन्दर्भमा नेपाल र भारत बीचका द्विपक्षीय सम्झौताहरुको पुनरावलोकनका लागि नेपाली पक्षले ठोस प्रस्ताव पेस गरेको ६ महिनाभित्र नेपाल र भारतका बीच परराष्ट्र सचिवस्तरीय संयन्त्रमा छलफल गर्ने बारेमा दुई पक्षबीच सहमति भएको छ। पछिल्लो समयमा दुई देशबीचका सबै सन्धि तथा सम्झौता र समझदारीको पुनरावलोकन गर्ने, २१

औं शताब्दीको आवश्यकता र परिवर्तित सन्दर्भ बमोजिम नेपाल-भारत सम्बन्धलाई अगाडि बढाउन आवश्यक भएमा त्यस्ता सन्धि, सम्झौता र समझदारीमा परिवर्तन गर्न सिफारिस गर्ने तथा दुई देश बीचको सम्बन्धलाई अझ मजबुत बनाउने उपाय सिफारिस गर्ने गरी दुवै देशका तर्फबाट प्रतिनिधित्व भएको प्रबुद्ध समूहको गठन भइसकेको र कार्य प्रारम्भ भइसकेको अवस्था छ। नेपालको सीमाको रक्षा गर्ने कार्य नेपाल सरकारको प्रमुख प्राथमिकतामा रहेको छ। नेपाल र भारत बीचको सीमाको नापजाँच गरी स्पष्ट रुपमा सीमा निर्धारण गर्ने कार्यका लागि द्विपक्षीय सीमा कार्य समूहको गठन भैसकेको छ। यसले सीमा स्तम्भको निर्माण, पुनर्स्थापना तथा मर्मत गर्नुका साथै दशगजालाई खाली गराउने सम्बन्धमा कार्य सुरु गरी हाल तीनवटा टोली फिल्डमा खटिएको अवस्था छ। भारतसँगको सीमाना परम्परागत रुपमा खुला रहिआएको छ। खुला सीमानाले व्यक्ति, मालसामान तथा सेवाको प्रवाहमा सहजता ल्याएको छ। तथापि अवाञ्छित तत्वहरुबाट सीमानाको दुरुपयोग नहोस् भन्ने उद्देश्यले नेपाल र भारत दुबै सरकारका तर्फबाट पहल हुँदै आएको छ। विभिन्न तहमा द्विपक्षीय संयन्त्रहरुको नियमित रूपमा बैठकहरु बस्नुका साथै गहन समन्वयद्वारा सीमालाई थप व्यवस्थित गर्ने प्रयास हुँदै आएको छ। सीमा व्यवस्थापन र नियमन सम्बन्धी विषय दुई मुलुकबीचको सम्बन्धको संवेदनशील विषय भएकोले एकतर्फी भन्दा संयुक्त रुपमा पहल गर्नुपर्ने देखिन्छ। यसका लागि राजनीतिक तथा कूटनीतिक माध्यमबाट प्रयास भएको छ। के, कसरी र कति मात्रामा व्यवस्थापन वा नियमन गर्ने भन्ने विषय आपसी छलफल र संवादबाट हुने भएकोले यसमा दुवै पक्षलाई मान्य हुने गरी सहमति हुनुपर्ने देखिन्छ। तसर्थ, यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्नेसमेत बेहोराको परराष्ट्र मन्त्रालयको तर्फबाट पेश गरेको लिखित जवाफ।

१०. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ मा वन क्षेत्रको सर्वेक्षण, नापनक्सा, सीमा निर्धारण लगायत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र जस्ता क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन, विकास, समन्वय र व्यवस्थापन सम्बन्धी कार्य वन तथा भू-संरक्षण मन्त्रालयको क्षेत्राधिकारभित्र पर्दछ। तर देशको जनताको जिउ धनको सुरक्षा, सीमा मिचान, सीमा व्यवस्थापन लगायतका कार्यहरु यस मन्त्रालयको

क्षेत्राधिकारभित्र पर्ने नदेखिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाइ दायर गरिएको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत बेहोराको वन तथा भू-संरक्षण मन्त्रालयको तर्फबाट पेश गरेको लिखित जवाफ।

११. रिट निवेदकले दावी लिएको विषयका सम्बन्धमा नेपालको सीमाको रक्षा गर्ने कार्य नेपाल सरकारको प्रमुख प्राथमिकतामा रहेको छ। नेपाल-भारत बीचको सीमा नापजाँच गरी स्पष्ट रुपमा सीमा निर्धारण गर्ने कार्यका लागि द्विपक्षीय संयन्त्रहरूको निर्माण गरी नियमित बैठक बस्ने र सीमा निर्धारण कार्यलाई थप व्यवस्थित गर्ने प्रयास हुँदै आएको छ। माथिल्लो तहमा सीमा निर्धारण सम्बन्धी नीतिगत व्यवस्था र फिल्ड तहमा फिल्ड कार्य समूह परिचालन गरी सीमा स्तम्भको निर्माण, पुनर्स्थापना तथा मर्मत गर्नुका साथै दशगजालाई खाली गराउने कार्य गर्ने गरिएको छ। जस अनुसार हाल फिल्डमा ३(तीन) वटा संयुक्त फिल्ड टोली खटिई सीमा स्तम्भको निर्माण पुनर्स्थापना, मर्मत सम्भार, दशगजा क्षेत्रको अतिक्रमण अभिलेखन गर्ने कार्य संयुक्त रुपमा चालु रहेको छ। सीमा व्यवस्था र नियमन कसरी गर्ने भन्ने विषय दुई मुलुक बीचको सम्बन्धको संवेदनशील विषय भएकोले राजनीतिक एवम् कुटनीतिक माध्यमबाट संयुक्त रुपमा कसरी व्यवस्थापन र नियमन गर्ने भन्ने विषयमा आपसी छलफल र संवादबाट निर्क्योल हुने विषय हो। तसर्थ, यसमा दुबै पक्षलाई मान्य हुने गरी सहमति गरिनुपर्ने हुँदा यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत बेहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको तर्फबाट पेश गरेको लिखित जवाफ।

१२. नेपाल सरकार संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने एवम् नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण र सम्वर्द्धन गरी उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिवद्ध रहेको छ। सर्वप्रथमतः नेपाल भारत बीचको सीमा नियमन तथा व्यवस्थापन गर्ने बिषय सम्मानित अदालतबाट न्यायिक निरुपण हुने विषय नै होइन। सीमा व्यवस्थापन र नियमन गर्ने विषय विशुद्ध राष्ट्र/राष्ट्र बीचको कुटनैतिक चासो र सरोकारको विषय हो। उक्त विषय सीमा जोडिएका मुलुकहरुको बीचमा पारस्पारिक हितको आधारमा Reciprocal Basis मा निर्दिष्ट र व्यवस्थित हुने गर्दछ। हाम्रो सन्दर्भमा ज्ञानराज राई विरुद्ध श्री ५ को

सरकार, मन्त्रीपरिषद्समेत भएको (मानव अधिकार सम्बन्धी फैसलाहरुको प्रकाशन, २०५९, पृष्ठ ११३) उत्प्रेषण मिश्रित परमादेशको निवेदनमा "कुनै राष्ट्रसँग के, कस्तो सम्बन्ध राख्ने भन्ने कुरा सार्वभौम राष्ट्रको निरपेक्ष स्वविवेकको विषय भएको र त्यस्तो विषय विशुद्ध रुपमा राज्यको कार्यकारिणीको क्षेत्राधिकारभित्र पर्ने हुन्छ। कुनै राष्ट्रसँग के, कस्तो सम्बन्ध राख्ने र त्यस्तो सम्बन्ध के, कस्तो सन्धि वा सम्झौता अन्तर्गत व्यवस्थित गर्ने भन्नेसमेतको विषय विशुद्ध कार्यकारिणीको क्षेत्राधिकार अन्तर्गत पर्ने हुँदा त्यस्तो विषयमा अदालतले हस्तक्षेप गर्न मिल्ने हुँदैन" भन्ने आदेश भएको छ। नेपाल-भारत बीचको सीमा व्यवस्थापन तथा नियमनको विषय पनि यी दुवै मुलुकहरुको साझा चासो र सरोकारको विषय हो। सो सम्बन्धमा नेपाल सरकारले कुटनीतिक एवम् अन्य माध्यमबाट समेत आफ्नो मुलुक र नागारिकहरुको जिउ ज्यानको सुरक्षा एवम् हितलाई संरक्षण गर्ने सम्बन्धमा सदैव क्रियाशील एवम् संवेदनशील रहेको छ। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने कुरामा नेपाल सरकार दृढ संकल्पित रहेको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ३ मा राष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्र मन्त्रीलाई सन्धि सम्पन्न गर्ने पूर्णाधिकार आवश्यक नपर्ने भनी उल्लेख गरिएबाट समेत यो कार्यकारी अधिकार हो भन्ने स्पष्ट हुन्छ। साथै नेपाल र भारतबीच सदियौंदेखि खुला सीमाना कायम रहेको र दुवै देशका नागरिकहरु बिना अवरोध आवतजावत गरिरहेको यथार्थ हो। नेपाल र भारत बीचको सम्बन्ध राष्ट्र-राष्ट्र बीचको मात्र नभई आम नागरिकको बीचमा पारिवारिक तथा विशिष्टिकृत सम्बन्ध रही आएको छ। यस प्रकारको विशिष्टिकृत सम्बन्धलाई ध्यान दिँदै द्विपक्षीय हित र सम्वृद्धिका लागि नेपाल र भारतका विज्ञहरु रहेको प्रवुद्ध व्यक्ति समूहमा दुवै मुलुकहरुको बीच भएका सन्धि सम्झौताको अध्ययन जारी रहेको छ। दुवै देश मिली समय समयमा सुरक्षा व्यवस्थापनका विषयमा बैठक, अन्तरक्रिया हुँदै आइरहेको छ। सीमा सुरक्षाको सम्बन्धमा समेत नेपाल सरकारका सम्बन्धित निकायबाट कार्य भइरहेको कुरालाई अनदेखा गरी दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् आफ्नो हकमा समेत प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट पेश भएको लिखित जवाफ।

<u>**आदेश खण्ड**</u>

१३. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक एवम् सीमाविज्ञ श्री बुद्धिनारायण श्रेष्ठ, निवेदक एवम् विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री चन्द्रकान्त ज्ञवाली तथा निवेदक एवम् विद्वान् अधिवक्ता श्री लिलाधर उपाध्यायले नेपाल भारत बीचको सीमाना खुला रहेको छ। उक्त खुला सीमा नियमन तथा व्यवस्थापन प्रणाली कुनै सन्धि सम्झौताको प्रावधान बमोजिम भए रहेको देखिँदैन। खुला सीमानाको दुरुपयोग गरी असामाजिक तथा अपराधिक तत्वले अन्तर सीमामा लागू औषध ओसार पसार, मानव बेचबिखन, हत्या, बलात्कार, लुटपाट, संगठित अपराध, आतंकवाद, राजस्व छली लगायतका अपराध तथा गैरकानूनी कार्यहरु गरेको देखिन्छ। उल्लिखित घटनामा संलग्न अपराधिक गिरोहहरु सजिलै सीमा पार गरी भाग्ने, लुक्ने गरेको पाइन्छ। फलस्वरुप नेपालको राष्ट्रिय सुरक्षाउपर चुनौती बढ्नुका साथै कानूनी राज्यको मुल्य मान्यताको उपहास भएको अवस्था छ। यसका साथै खुला तथा अनियन्त्रित एवम् अव्यवस्थित अन्तर सीमाको परिणाम स्वरुप नेपालको सीमा अतिक्रमण भएका अनेकौ घटनाहरु प्रकाशमा आएको देखिन्छ। हाल नेपालमा कोरोना महामारी फैलिनुको विभिन्न कारणमध्ये नेपाल-भारतबीच रहेको खुला एवम् अव्यवस्थित सीमासमेत रहेको अनुभूत गरिएको छ। यसरी नेपाल-भारतबीच भएको खुला सीमानाले गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, नेपाली नागरिकको जीउधनको सुरक्षामा आघात परिरहेको अवस्थामा नेपाल सरकारले नेपालको राष्ट्रिय हितको सुरक्षा गर्नु पर्ने आफ्नो संवैधानिक दायित्वप्रति उदासीन रहेको पाइन्छ। अतः नेपाल र नेपाली नागरिकको स्वाधीनता र अस्मिताको सुरक्षा प्रयोजनार्थ भारतसँग परिणाममुखी राजनीतिक एवम् कुटनीतिक पहल गरी दुई देश बीचका खुला सीमानालाई व्यवस्थापन एवम् नियमन गर्न गराउन विपक्षीहरुको नाममा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१४. प्रत्यर्थी नेपाल सरकारका निकायहरुको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले निवेदकले उठाएका विषयप्रति नेपाल सरकार संवेदनशील रहेको छ। यसै विषयलाई मध्यनजर गरी पारस्पारिकताको आधारमा नेपाल-भारत बीच आवागमनलाई

व्यवस्थापन गर्न सीमा क्षेत्रमा ६ वटा अध्यागमन कार्यालयहरु स्थापना भई कार्य सञ्चालन भईरहेको छ। साथै द्विपक्षीय हित प्रवर्द्धनका लागि नेपाल र भारतका विज्ञहरु रहेको प्रबुद्ध व्यक्ति समूह (ई.पि.जि.) गठन भई उक्त समुहले सन् १९५० को सन्धि लगायतका विषयमा अध्ययन गरिरहेको छ। दुवै देशबीच समय समयमा सुरक्षा व्यवस्थापनका विषयमा बैठक, अन्तरक्रिया हुँदै आइरहेको छ। सीमा क्षेत्रको सुरक्षा प्रबन्ध गर्नको लागि सशस्त्र प्रहरी बल नेपाललाई जिम्मेवारी तोकिएको छ। नेपाल भारत बीचको सीमाना नापजाँच गरी सीमा स्तम्भको निर्माण, पुनर्स्थापना एवम् मर्मत गर्नका साथै दशगजालाई खाली गराउने सम्बन्धमा दुई देशको विज्ञ सम्मिलित टोलीले आफ्नो कार्य सुरु गरिसकेको अवस्था छ। त्यसै गरी सीमा व्यवस्थापन र नियमन गर्ने विषय विशुद्ध राष्ट्र-राष्ट्र बीचको कुटनीतिक चासो र सरोकारको विषय भएकाले अदालतबाट न्यायिक निरुपण हुने विषय होइन। तसर्थ, निवेदन दावी खारेज भागी रहेको देखिँदा खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१५. यसमा, नेपाल भारतबीच खुला सीमाना रहेको छ। त्यस्तो खुला सीमानाको कारणले नेपालको स्वाधीनता, भौगोलिक अखण्डता, नेपाली जनताको आर्थिक समुन्नति समेतमा चुनौती थपिएको अवस्था छ। नेपाल भारत बीच खुला सीमाना रहनेछ भनी कुनै सन्धि, सम्झौता तथा कानूनले भनेको छैन। खुला सीमानालाई व्यवस्थित एवम् नियमन गर्नतर्फ नेपाल सरकारले चासो दिएको छैन। दुई देश वीच रहेको सीमा क्षेत्रमा आपराधिक गतिविधिमा बढोत्तरी भइरहेको पाइएको छ भने कतिपय स्थानमा सीमा अतिक्रमण समेत भएको तथ्य प्रकाशमा आएको छ। खुला सीमाका कारण एक देशमा अपराधिक कार्य गरी सहजै अर्को देशमा गई लुक्ने गरेका कारण शान्ति सुरक्षामा चुनौति थपिएको छ। उपर्युक्त सन्दर्भमा उल्लिखित समस्याहरुको निराकरण प्रयोजनार्थ नेपाल भारतबीच रहेको स्थलगत खुला सीमानालाई व्यवस्थापन एवम् नियमन गर्न गराउन विपक्षीहरुको नाममा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको निवेदन मागदावी रहेको पाइन्छ। नेपाल-भारत बीचमा आवागमनलाई व्यवस्थापन गर्न सीमा क्षेत्रमा अध्यागमन कार्यालयहरु स्थापना भई कार्य संचालन भइरहेको छ। सीमा सुरक्षाको लागि सशस्त्र प्रहरी बल नेपाललाई जिम्मेवारी दिइएको छ। सीमा व्यवस्थापन तथा नियमनको विषय न्यायिक

निरुपणको विषय होइन। नेपाल भारत बीच रहेको खुला सीमालाई व्यवस्थापन गर्ने प्रयोजनका लागि सीमा अपराध, तस्कारी, मानव ओसार पसार नियन्त्रण, अवाञ्छित तत्वको चलखेल नियन्त्रण, नक्कली मुद्रा नियन्त्रण एवम् लागू औषधको ओसार पसार तथा विक्री वितरण जस्ता क्रियाकलाप नियन्त्रण गर्न आपसी सहयोग आदान-प्रदान सम्बन्धमा दुई देश बीच विभिन्न बैठक तथा अन्तरक्रिया हुँदै आएका छन। सीमा व्यवस्थापन सम्बन्धमा नेपाल भारत बीचका उच्चस्तरका राजनीतिक एवम् प्रशासनिक पदाधिकारीहरु बीच निरन्तर छलफल एवम् अन्तरक्रिया भइआएको छ। नेपाल सरकारले आफ्नो आन्तरिक क्षमता विस्तार गर्दै कुटनीतिक माध्ययमबाट सीमा व्यवस्थापन र आवागमनका सम्बन्धमा संविधान र कानूनको अधिनमा रही सन्धि सम्झौता गर्ने नै छ। तसर्थ, वस्तुनिष्ठ आधार र प्रमाणबिना सीमा तथा आवागमनका सम्बन्धमा कुनै कार्य, कारवाही अघि नबढाइएको भनी दावी लिई दायर गरिएको निवेदन औचित्यहीन रहेकोले खारेज गरी पाउँ भन्नेसमेत बेहोराको विपक्षीहरुको लिखितजवाफ पर्न आएको देखियो।

१६. उपरोक्तानुसारको तथ्य रहेको प्रस्तुत रिट निवेदनमा निवेदन तथा लिखित जवाफ सहितको मिसिल अध्ययन गरी दुबै तर्फबाट प्रस्तुत भएको बहस जिकीर सुनी हेर्दा देहायका प्रश्नहरुको विश्लेषण गरी निरुपण गर्नु पर्ने देखियो।

क) प्रस्तुत रिट निवेदनको विषय सार्वजनिक सरोकारको विषय हो होइन? र निवेदकले उठाएको विषय न्यायिक निरुपण योग्य विषय हो होइन?

ख) निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

१७. सर्वप्रथमतः प्रस्तुत रिट निवेदनको विषयवस्तु सार्वजनिक सरोकारको विषय हो होइन ? निवेदकले उठाएको विषय न्यायिक निरुपणको विषय हो होइन? भन्ने सम्बन्धमा हेर्दा रिट निवेदकहरुले नेपाल भारतबीच खुला सीमाना रहेको र नेपाल सरकारले खुला सीमानाको उचित व्यवस्थापन एवम् नियमन नगरेको कारण सीमा क्षेत्रमा अपराधिक गतिविधि बढेका र अपराधीहरु सहज रुपमा एक देशबाट अर्को देशमा भागी जाने भएकाले सुरक्षा चुनौति बढेको, नेपालको विभिन्न स्थानमा सीमा मिचिएको तथा नेपालको स्वतन्त्रता, सार्वभौमिकता तथा राष्ट्रिय हितमा असर परेकोले सीमा व्यवस्थापन तथा नियमन गर्न परमादेश जारी गरिपाउँ भनी रिट निवेदन दायर गरेको देखियो। कुनै पनि नेपाली नागरिकको मौलिक हक

वा कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि निवेदन दिन सक्ने अधिकार नेपालको संविधानको धारा ४६ तथा १३३(२) ले व्यवस्था गरेको छ। यसरी मौलिक हक वा सार्वजनिक सरोकार समेतको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि उपयुक्त आदेश गरी विवादको टुंगो लगाई पाउन निवेदकहरु लगायत कुनै पनि नेपाली नागरिकले धारा ४६ तथा १३३ (२) अनुरुप यस अदालतमा निवेदन दिन सकिने देखिन्छ।

१८. रिट निवेदनमा उठाएको नेपाल-भारत बीचको सीमा व्यवस्थापन तथा नियमन सम्बन्धी विषय देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय सम्मान, अन्तराष्ट्रिय चासो तथा शान्ति सुरक्षा एवम् नागरिकको हित तथा आत्मसम्मानको विषय हुनुका साथै समग्र रुपमा राष्ट्रिय सरोकारको विषय हो। देशको भौगोलिक सीमाको सुरक्षा, व्यवस्थापन एवम् नियमनको विषय सबै नेपाली नागरिकको चासो एवम् सरोकारको विषय हो। कुनै निश्चित समुदाय, वर्ग, क्षेत्र वा भेगको मात्र सरोकारको विषय नभई सबै नागरिक तथा राष्ट्रकै चासोको विषय भएकाले देशको भौगोलिक अखण्डता, सीमा सुरक्षा एवम् सोको व्यवस्थापनसँग सम्बन्धित विषयवस्तु त्यस देशको प्रत्येक विवेकशील एवम् जिम्मेवार नागरिकको सार्थक सम्बन्ध र तात्विक सरोकारको विषय भित्र पर्दछ। देशको सीमाको अवस्था र स्थिति सीमानामा एक देशबाट अर्को देशमा आवत-जावत गर्ने कार्यलाई नियमन र व्यवस्थापन गर्ने विषय तथा सीमा नाकामा हुने अपराधिक क्रियाकलाप नियन्त्रण गर्ने लगायतका विषय सबै नागरिकको प्रत्यक्ष वा परोक्ष रुपमा चासो र सरोकारको विषय हो। त्यस्तो राष्ट्रिय महत्व र सरोकारमा कुनै नागरिकको सम्बन्ध वा सरोकार हुदैन भनी व्याख्या गर्नु न्यायोचित हुदैन। रिट निवेदकहरु नेपालको नागरिक, सीमाविद् एवम् विद्वान् अधिवक्तासमेत भएको सन्दर्भमा निवेदकहरुले आफ्नो देशको सीमा सुरक्षा एवम् व्यवस्थापन समेतको संवेदनशील विषयमा गहिरो चासो र सरोकार देखाउनु स्वाभाविक नै हुने भएकोले निवेदकहरुलाई नेपालको संविधानको धारा १३३ (२) अनुसार प्रस्तुत रिट निवेदन लिई अदालत प्रवेश गर्न पाउने हक रहेको देखियो।

१९. त्यसै गरी सीमा व्यवस्थापन र नियमन सम्बन्धी विवाद न्यायिक निरुपणको विषय नभई विशुद्ध द्विपक्षीय रुपमा राष्ट्र-राष्ट्रबीच कुटनीतिको माध्यमबाट निराकरण गरिनु पर्ने भन्ने प्रत्यर्थीको जिकिरतर्फ हेर्दा, दुई वा सोभन्दा बढी देशहरु बीचको सीमा निर्धारण, व्यवस्थापन, सीमा सुरक्षा तथा नियमन गर्न विभिन्न पद्धतिहरु अवलम्बन गर्ने गरिन्छ। त्यसको लागि कुन पद्धति अवलम्बन गर्ने भन्ने विषय दुई देशको आपसी सहमति र समझदारीमा तय हुने विषय पनि हो। कुनै पनि देशहरु बीचको सिमांकन तथा व्यवस्थापन सम्बन्धी विवाद दुई देश बीचको कुटनीतिक माध्यमबाट त्यस्ता देशको सह-अस्तित्व, स्वतन्त्रता, साभौंमिकता र आपसी सहिष्णुतालाई सम्मान गर्दै सामान्यतया सन्धि सम्झौता र आपसी सहमति वा समझदारीबाट निर्धारण हुने कुरामा दुई मत हुन सक्दैन। तथापि सीमा व्यवस्थापन तथा नियमन गर्ने विषय सीमांकन गर्ने भन्दा पृथक विषयवस्तु हो। सीमा व्यवस्थापन तथा नियमन भित्र कुनै देशले आफ्नो सीमा वारपार गर्ने, सीमाको सुरक्षा गर्ने तथा वस्तु निकासी पैठारी र मानिस आवत-जावत गर्दा देशको कानून पालना गरे नगरेको सम्बन्धमा नियमन गर्नु भन्ने समेत बुझिन्छ। आफ्नो देशको सीमाना निर्धारण गर्ने र सीमाबाट हुने आवत-जावत तथा अन्य गतिविधिलाई नियमन र व्यवस्थित गरी समग्र देश र नागरिकको जीउधन तथा सार्वजनिक सुरक्षा कायम गर्नु पर्ने दायित्वबाट सरकार पञ्छिन मिल्दैन। देशको सीमांकन गर्ने, सीमा क्षेत्रबाट एक अर्को देशमा आवत-जावत गर्ने नाका (मार्ग) तोक्ने जस्ता रणनीतिक विषय सन्धि सम्झौता वा द्विपक्षीय एवम् बहुपक्षीय सम्बन्धका आधारमा कार्यपालिकाले निर्णय गर्ने विषय भएपनि नागरिकको अधिकार तथा हक हितसँग प्रत्यक्ष सरोकार रहने सीमानाको सुरक्षा, सीमाबाट हुने आवत-जावतलाई नियमन गर्ने तथा सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि रोकी सार्वजनिक सुरक्षा कायम गर्ने विषयमा नेपाल सरकारले नागरिक प्रति उत्तरदायित्व पूरा नगरेको जिकिर लिई देशको कुनै नागरिकले अदालतसमक्ष निवेदन दिएको खण्डमा यस अदालतले त्यस्ता समस्या समाधानको लागि सरकारलाई सकारात्मक कदम चाल्न उपयुक्त र न्यायोचित आदेश दिन सक्ने विषयलाई अन्यथा मान्न मिल्ने देखिदैन।

२०. अब, निवेदन माग बमोजिम प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुनु पर्ने हो होइन ? भन्ने दोश्रो प्रश्न तर्फ विचार गर्दा, सर्वप्रथमतः सीमा व्यवस्थापन प्रणालीहरु, यसका अवधारणागत

पक्षहरु र यस सम्बन्धी अन्तराष्ट्रिय अभ्यासहरुको विवेचना गर्दै निवेदन मागको औचित्यता केलाउनु सान्दर्भिक देखिन्छ। कुनै पनि देशको सीमा अंकन गरी दुई वा सोभन्दा बढी देशहरुसँगको सीमाना निर्धारण गर्ने, सीमाको रेखांकन गर्ने, भौगोलिक एवम् भौतिक रुपमा सीमाना छुट्याउने, सीमानाको मापदण्ड तय गर्ने लगायतका विषय त्यस देशको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता तथा स्वाभिमानसँग जोडिएको गम्भीर विषय हो। देशको सीमा निर्धारण भएपछि एक देशका नागरिक, पर्यटक तथा भ्रमणकर्ता अन्तर्राष्ट्रिय सीमा वारपार गर्न लाग्दा देशको मौजुदा संविधान, ऐन, कानून र राष्ट्र हितका पक्षमा राज्यले गरेका निर्णय एवम् अवलम्बन गरेको नीति अनुसार सीमा वारपार गर्न अनुमति दिनका लागि अवलम्वन गरिने तौर तरिका र प्रक्रियालाई सीमा व्यवस्थापन भनिन्छ। भ्रमणकर्ताहरु जब एक देशको सीमा पार गरी अर्को देशको भू-भागमा प्रवेश गर्छन् तब उनीहरुले त्यस देशको विद्यमान कानून मान्नुपर्छ। त्यस्तै एक देशको व्यापारजन्य सरसमान अर्को देशमा निर्यात तथा आयात गर्दा पनि कानूनमा तोकिएबमोजिम गर्ने गराउने कार्यसमेत सीमा व्यवस्थापन अन्तर्गत नै पर्दछ। उपर्युक्त सन्दर्भमा विश्वका देशहरुले आफ्नो छिमेकी मुलुकसँग मूलतः तीन प्रकारका सीमा व्यवस्थापन प्रणाली अवलम्बन गरेको पाइन्छ।[१]

क. **खुला सीमा प्रणालीः**- दुई देशका जनता खुलेआम, बिना रोकटोक जहिलेसुकै जुनसुकै स्थान भएर सीमा वारपार गर्ने परिपाटीलाई खुला सीमा व्यवस्थापन पद्धति भनिन्छ। हाल नेपाल र भारतबीच रहेको सीमा व्यवस्थापनको स्वरुप र प्रकृति हेर्दा दुई देशबीचको खुला सीमा प्रणाली अन्तर्गत रहे भएको पाइन्छ। यी दुई देशबीचको खुला सीमाना पद्धति विगतदेखि परम्परागत रुपमा नै प्रचलनमा आएको भन्ने देखिन्छ।

ख. **नियमन (रेगुलेटेड) सीमा प्रणालीः**- तोकिएको सीमा नाकाबाट परिचयपत्र, पासपोर्ट, भिसा लगायतका आधिकारिक कागजात देखाएर स्वीकृति प्राप्त गरी अन्तर्राष्ट्रिय सीमा वारपार गर्ने पद्धतिलाई नियमन सीमा व्यवस्थापन प्रणाली भन्ने गरिन्छ। खुला सीमा रहेका विश्वका अधिकांश मुलुकहरुले नियमन सीमा पद्धति अवलम्वन गरी आफ्ना

[१] सीमा संग्राम, बुद्धिनारायण श्रेष्ठ, रत्न सागर प्रकाशन (प्रा) लि., काठमाडौं, २०६९, पृ. १६८

सीमाहरु व्यवस्थित गरेको देखिन्छ। नेपाल र नेपालको उत्तरमा रहेको छिमेकी राष्ट्र चीनबीच नियमन सीमा पद्धति प्रचलनमा रहेको अवस्था छ।

ग. **बन्द सीमा प्रणालीः-** यात्रुसँग जस्तोसुकै आधिकारिक कागजात भए तापनि सीमा वारपार गर्न नदिने/नपाइने पद्धति बन्द सीमा प्रणाली अन्तर्गत पर्दछ। यस प्रणाली रहेका देशबाट जोडिएको छिमेकी देश जानु पर्‍यो भने तेस्रो देश भएर जानुपर्ने अवस्थाको सिर्जना हुन्छ।

२१. विश्वव्यापीकरण सँगै खुला सीमा व्यवस्थापन पद्धति परस्पर आर्थिक समृद्धिका दृष्टिकोणले महत्वका साथ हेरिएको छ। विभिन्न देशहरुले आपसी समझदारी र सन्धि सम्झौता बमोजिम यस सीमा व्यवस्था प्रणालीलाई आत्मसात पनि गरेका छन्। युरोपका विभिन्न देशहरु सम्मिलित युरोपेली संघमा आबद्ध मुलुकहरुले सीमाको सहज एवम् न्यूनतम् नियमनले आर्थिक, व्यापारिक, सांस्कृतिक, पर्यटन लगायतका क्षेत्रको उन्नयनमा टेवा पुग्दछ भन्ने दृष्टिकोण राखी एकल पासपोर्टसमेतका आधिकारिक कागजातको आधारमा युनियनका अधिकांश देशहरुमा भ्रमण गर्न सकिने नीति अवलम्वन गरेको देखिन्छ। सन् १९८५ जुन १४ मा हस्ताक्षर भएको Schengen Agreement अन्तर्गत स्वतन्त्र आवागमनका लागि खुला सीमा प्रणालीलाई आत्मसात गरी सदस्य देशहरुका नागरिकहरु कुनै पनि सदस्य राष्ट्रहरु बीच भिसा बिना स्वतन्त्र यात्रा गर्न सक्दछन्। यस सम्झौतामा सामेल देशहरुलाई समग्रमा शेन्गेन क्षेत्र भनेर बुझिन्छ जसलाई सदस्य देशहरु बीच सीमा नियन्त्रण नगरिने विश्वकै सबैभन्दा ठूलो क्षेत्रको रुपमा लिने गरिन्छ। सदस्य देशहरु बीचको आन्तरिक सीमाना खुला भएतापनि यो शेन्गेन क्षेत्रमा यात्रीहरु प्रवेश गर्न र निस्कनका लागि बाह्य सीमानाहरु नियन्त्रित हुने व्यवस्था रहेको छ।[२] त्यसै गरी, अष्ट्रेलिया र न्युजिल्यान्डबीच सन् १९७३ मा भएको Trans-Tasman Travel Arrangement (TTTA) ले दुवै देशका नागरिकहरुलाई न्यूनतम मापदण्ड पूरा गरी अन्तर देश आवागमन गर्न, काम गर्न र बस्न अनुमति दिने गरेको पाइन्छ।[३]

[२] https://www.auswaertiges-amt.de/en/visa-service/-/231202 visited on 5th Sep, 2023

[३] https://en.wikipedia.org/wiki/Trans-Tasman_Travel_Arrangement

२२. खुला सीमा व्यवस्थाका परस्पर स्वतन्त्र आवागमन, आर्थिक, पर्यटन लगायतका क्षेत्रमा हुने फाइदासँगै यसका आफ्नै विशिष्ट चुनौतिहरु पनि रहेका हुन्छन्। सीमा क्षेत्रमा हुन सक्ने अवाञ्छित गतिविधिहरु जस्तै सीमापार अपराध, मानव तस्करी, प्रतिबन्धित सामानहरुको आयात र निर्यात, सीमापार आतंकवाद, कुनै रेकर्ड बिना सीमा क्षेत्रबाट मानिसहरु वारपार गर्न सक्ने लगायतका क्रियाकलापहरुलाई राष्ट्रिय सुरक्षा तथा नागरिकको समग्र हकहितका दृष्टिकोणले पनि महत्वका साथ चुनौतिका रुपमा हेरिनु पर्दछ। खुला सीमा व्यवस्थासँग अन्तरनिहित रहने प्रशस्त अवसरबाट लाभ लिनको लागि सीमाको नियमन र व्यवस्थापनका प्रभावकारी उपायहरु अबलम्बन गर्नु आवश्यक देखिन्छ।

२३. कुनै देशले अपनाउने सीमा व्यवस्था प्रणाली निरपेक्ष नभई प्रचलित बाह्य परिस्थिति र समयानुकूल परिमार्जन हुने देखिन्छ। विश्वका मुलुकहरुले आफ्ना राष्ट्रिय हितलाई मध्यनजर राखी आफ्नो सीमावर्ती छिमेकी मुलुकहरुसँग आवश्यकता र औचित्यको आधारमा सीमा व्यवस्थापनको सन्दर्भमा खुला, नियमन र बन्द सीमा प्रणाली अवलम्वन गर्ने गरेका तथा सीमा व्यवस्थापन सम्बन्धी आफ्ना नीतिमा समय सापेक्ष परिमार्जनसमेत गरेको पाइन्छ। उदाहरणार्थ मंगोलियनको आक्रमणबाट आफ्नो मुलुक र नागरिकलाई जोगाउन विगतमा चीनको मिंग डाइनेष्टीले चीनको मंगोलियासँगको सीमानामा करिब ६,००० कि.मी. भन्दा लामो ग्रेटवाल निर्माण गरे, जसलाई ग्रेटवाल अफ चाइना भनेर चिनिन्छ। आफ्नो राष्ट्रिय हित र नागरिकको जिउ धनको सुरक्षार्थ दोस्रो विश्व युद्धको अन्त्य पश्चात् उत्तर कोरिया र दक्षिण कोरियाबीचको अन्तराष्ट्रिय सीमामा असैनिकीकृत क्षेत्र (Demilitarized Zone) को स्थापना गरी बन्द सीमा व्यवस्था प्रचलनमा रहेको छ।

२४. त्यसै गरी दोश्रो विश्व युद्ध पश्चात् पूर्वी र पश्चिमी जर्मनीको सीमामा लगाइएको बर्लिन पर्खाल शीतयुद्धको अन्त्यपछि सन् १९९० तिर हटाइएसँगै दुई जर्मनी बीचको बन्द सीमा व्यवस्था प्रणाली हटि जर्मनीको एकिकरण नै भएको थियो। अमेरिका र क्यानडा तथा अमेरिका र मेक्सिको बीचको सीमा व्यवस्था खुला रहेतापानि अमेरिकामा ११ सेप्टेम्बर २००१ मा भएको आतंकवादी हमलापछि सो व्यवस्थामा केही परिवर्तन गरी सीमा सुरक्षामा कडाई गर्न थालिएको छ। अष्ट्रेलिया र न्युजिल्यान्डबीच सन् १९७३ मा भएको Trans-Tasman Travel Arrangement (TTTA) अनुसार पूर्ववत अवस्थामा न्यूनतम मापदण्ड

पूरा गरी न्युजिल्यान्डका नगरिकहरु अष्टेलिया यात्रा तथा बसोबास गर्न पाउने व्यवस्था रहेतापनि सन् १९९४ मा अष्ट्रेलियामा बसोवास गर्ने गैरनागरिकहरुका लागि अनिवार्य वैध भिसा हुनु पर्ने नयाँ व्यवस्था लागू भएसँगै न्युजिल्यान्डसँगको विषेश समझदारीलाई सम्मान गर्दै अष्ट्रेलियामा न्युजिल्यान्डका नागरिकहरुको निरन्तर सहज आवागमनका लागि Special Category Visa को सुरुवात गरिएको पाइन्छ।

२५. त्यसै गरी अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना सीमावर्ती छिमेकी मुलुक मेक्सिको सँगको सीमामा पर्खाल एवम् तारबार लगाउने भनी गरेका राजनीतिक घोषणालाई सीमा व्यवस्थापनको सन्दर्भमा परिवर्तित एउटा महत्वपूर्ण घटनाको रुपमा लिन सकिन्छ। त्यसका साथै, हालको कोभिड-१९ महामारीबाट विश्वभर नै सार्वजनिक स्वास्थ्यमा उत्पन्न आपतकालिन अवस्थाको सन्दर्भमा अन्तराष्ट्रिय सीमा नियमन र नियन्त्रण गर्ने कार्यलाई झन् महत्वका साथ हेरिएको छ। विश्वका अधिकांश देशहरु तथा पूर्ववत रुपमा खुला सीमा व्यवस्था प्रचलनमा रहेका देशहरुले समेत आफ्ना देशका नागरिकको सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी महामारी फैलने क्रमलाई नियन्त्रण गर्नका लागि अन्तराष्ट्रिय आवागमनमा प्रतिबन्ध लगाएको र सीमा नियन्त्रणका उपायहरु अपनाएको देखिन्छ। यसबाट के कुरा प्रष्ट हुन्छ भने देशहरुका बीचमा जे जस्तो सीमा व्यवस्थापन पद्धति अवलम्बन गरिएको भएपनि समग्र देश र नागरिकको हित एवम् संरक्षणका लागि त्यस्तो सीमा व्यवस्थापन पद्धतिमा आवश्यकता र औचित्यता तथा देशहरु बीचको सम्बन्धमा आउने उतार चढावका आधारमा सीमा व्यवस्थापन पद्धति परिवर्तन वा परिमार्जन हुन सक्ने देखिन्छ।

२६. नेपालको दुई सीमावर्ती छिमेकी मुलुकहरु चीन र भारतमध्ये नेपाल-चीनबीच भौगोलिक रुपमा खुला सीमाना रहेको भएपनि सबै ठाउँबाट सहज रुपमा सीमा वारपार गरी एक अर्को देशमा आवत-जावत गर्न नमिल्ने, सीमित सीमा नाका (मार्ग) बाट आवत-जावत गर्न सकिने र त्यसरी सीमा वारपार गर्दा आवश्यक कागजात देखाई व्यापारिक कारोवार लगायत निश्चित कामको प्रयोजनका लागि र निश्चित समयको लागि मात्र आवत-जावत गर्न सकिने व्यवस्था दुवै देशले मिलाई नियमन सीमा व्यवस्था प्रणाली लागू रहेको देखिन्छ। त्यसै गरी नेपाल र भारतबीच समेत खुला सीमा व्यवस्था प्रणाली प्रचलनमा

रहेको छ। नेपाल र भारतबीच करिब १,८०० किलोमिटर लामो सिमाना छ, जसलाई "खुला सिमाना" भन्ने गरिन्छ। तथापी नेपालको कानून लगायत कुनै दस्तावेज र नेपाल भारत बीच भएका सन्धि सम्झौता समेतले दुई देश बीच खुला सीमाना रहने भनी उल्लेख गरेको भने पाइदैन। नेपाल–भारत सीमारेखाको दशगजा क्षेत्रबाट अनेकौं सीमास्तम्भ हराइरहेका, विभिन्न स्थानमा सीमा अतिक्रमण, मिचान, वादविवाद, तेरो–मेरो, दावा–विरोध, अन्तर–सीमा जोत–कमोत दखल रहेको भन्ने विभिन्न अध्ययन प्रतिवेदनबाट देखिन्छ।[४] भारतसँग नेपालको भौगोलिक हिसावले खुला सीमाना रहेको छ। कहीँ कतै तारवार, वन्देज तथा अन्य कुनै प्रकारले सीमा बन्देज गरिएको पाइदैन। तोकिएका नाका (मार्ग) बाहेक अन्यत्रबाट पनि सहज रुपमा एक देशबाट अर्को देशमा आवत-जावत गर्न पाइने, कुनै प्रयोजन खुलाउन नपर्ने, समय सीमा निर्धारण तथा भ्रमण गर्ने स्थान खुलाउन नपर्ने अवस्था रहेको पाइन्छ। यस्तो खुला रुपमा आवत-जावत हुने अन्तर्राष्ट्रिय सिमाना थोरै देशका बीच मात्र प्रचलनमा रहेको पाइन्छ। जसले ती देशहरूको विशेष प्रकारको ऐतिहासिक तथा आपसी सामाजिक–सांस्कृतिक सम्बन्ध छ भन्ने जनाउँछ। काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वि.सं. २०५६ पुष ९ गते उडेको इन्डियन एयरलाइन्सको आईसी ८१४ विमान अपहरण गरिएको घटनापश्चात् दुवै देशको सहमतिमा नेपाल तथा भारतबीच नियमन सीमा प्रणाली अन्तरगत हवाइ मार्गबाट यात्रा गर्ने नेपाल र भारतका यात्रुहरुले अनिवार्य रुपमा राहदानी, मतदाता परिचयपत्र, नागरिकता प्रमाणपत्र जस्ता कुनै परिचयपत्र देखाउनुपर्ने व्यवस्था लागू रहेको देखिन्छ।[५] त्यसै गरी वि.सं. २००९ साल बैशाख ९ गतेको नेपाल गजेट हेर्दा, "**अब उप्रान्त भारतबाट भारतीयहरुले काठमाण्डू आउँदा जिल्ला या सिटी म्याजिष्ट्रेटबाट पर्मिट अथवा आइडेन्टिटी कार्ड लिई आउनु पर्नेछ। सो लिई आएमा नेपाल सरकारको राहदानी चाहिँदैन। सो पर्मिट अथवा आइडेन्टिटी कार्ड नेपाल सरकारका पुलिस विभागका मानिसले अनुरोध गरेमा उनीहरुलाई देखाउनु पर्दछ। नेपालीहरुले भारतबाट काठमाण्डू आउँदा र यताबाट भारततर्फ जाँदा समेत दोहोरो राहदानी लिई आउनु जानु पर्दछ**" भन्ने उल्लेख भएको देखिन्छ। जसबाट नेपाल भारतबीचमा खुला सिमाना रहेको

[४] https://khabarhub.com/2019/18/13371/ बुद्धिनारायण श्रेष्ठ, नेपाल-भारत सीमा विवाद हल नगरे देश विखण्डनको बाटोमा, ४ चैत्र २०७५ सोमवार

[५] गोरखापत्र दैनिक, २०५७ असार २४

भएपनि केही हदसम्म व्यवस्थित गरी नियमन गरिएको थियो भन्ने बुझ्न सकिन्छ। त्यसै गरी अध्यागमन ऐन, २०४९, राहदानी ऐन, २०२४, राहदानी नियमावली, २०५९ समेतमा कुनै पनि विदेशीले राहदानी र भिसा नलिई नेपाल राज्यभित्र प्रवेश गर्न वा नेपाल बस्न पाउने छैनन् भन्ने व्यवस्थाले कानूनी रुपमा भारतसँग पनि खुला सीमाना नभई नियमन सीमा प्रणाली रहेको भन्ने देखिन्छ। यद्यपि हाल आएर नेपाल भारतबीच स्थलमार्गमा त्यस्तो कुनै नियमनकारी व्यवस्था प्रचलनमा रहेको भन्ने प्रत्यर्थीहरुको लिखित जवाफबाट खुल्न आएको देखिदैंन।

२७. त्यसै गरी सीमा व्यवस्थापन सम्बन्धमा हेर्दा, नेपाल–भारत सीमावर्ती क्षेत्रमा मानिसहरूको बसोबास, आउजाउ र सामाजिक–सांस्कृतिक सम्बन्ध दुई देशको सभ्यतासँगै परम्परागत रहेको छ। दुई देशबीचको सीमाना केवल भूगोलको बाँडफाँट मात्र नभई यसका आयामहरू धेरै रहेका छन्, जुन त्यहाँ बसोबास गर्ने मानिसको जीवन संस्कृतिसँग जोडिएको हुन्छ। नेपाल–भारत सीमाना अत्यन्त पुरानो र साझा सभ्यता एवम् संस्कृतिले जोडिएको मुख्यतः दुईदेशीय आवागमनमा केन्द्रित छ। सीमाक्षेत्रका मानिसहरूका बीच दुवैतिर व्यापक मात्रामा व्यापार व्यवसाय, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक–सांस्कृतिक सम्बन्धहरू छन्। दुवै देशका सीमा क्षेत्रका नागरिक दैनिक रुपमा सीमा वारपार गरी एक अर्को देशमा आवत-जावत गर्नु पर्ने अवस्था रहेको छ। व्यापार व्यवसाय, स्वास्थ्य उपचार, शिक्षा, रोजगारी, नाता कुटुम्वसँग भेटघाट, भ्रमण, मनोरञ्जन लगायतका कार्यका लागि दुबै देशले एक अर्को देशमा सहज रुपमा वा केही हदसम्म नियन्त्रित रुपमा आवत-जावत गर्न दिँदै आएको पाइन्छ। यस्तो अवसरको फाईदा उठाई गलत मनसाय लिई एक अर्को देशमा आवत-जावत गर्ने सहज अवस्थाको अवाञ्छित र अपराधिक तत्त्वले दुरुपयोग गर्दै आएको कारण नेपाल भारत बीचको स्थल मार्गको खुला सीमालाई नियमन गर्नु पर्ने देखिन्छ। नेपाल-भारतबीच खुला सीमा प्रणाली रहेकोले यसको अवान्चित फाइदा उठाई विभिन्न आपराधिक व्यक्ति र समुहले यसको दुरुपयोग गर्नाले दुवै देशलाई समस्या परेको यथार्थतालाई दुबै राष्ट्रका उच्च पदस्थ अधिकारीहरुले महसुस गरिरहेको अवस्था छ। एक देशमा अपराध गर्ने, विना रोकटोक सीमापार गरी अर्कोतर्फ गएर अपराधी लुकिछिपी बस्ने तथा खुला सीमाका कारण आतंककारी गतिविधिको चलखेल एवम् अन्तर–सीमा अपराध

बढेको दुबै देशले महशुस गरेको पाइन्छ। खुला रुपमा आवत-जावत गर्न पाउने अवस्था रहेकोले खासगरी चेलिबेटी बेचविखन, लागू पदार्थ ओसार पसार, व्यक्ति अपहरण, भन्सार छली, मालसामान तस्करी, भारतीय नक्कली नोट ओसार पसार जस्ता अवाञ्छित कार्यहरु दुवै देशको लागि समस्याको रुपमा रहेको भएपनि अल्पविकसित राष्ट्रको हिसावले तुलनात्मक रुपमा हाम्रो मुलुक नेपालको लागि अझ बढी चुनौतिको विषय हो।

२८. खुला सीमानाका कारण कतिपय दैनिक गतिविधि सहज र प्रभावकारी भएको भएपनि राष्ट्रको सीमा सुरक्षालाई ध्यानमा राखेर सीमा क्षेत्रमा हुने मानव तस्करी, यौनजन्य गतिविधि, लागू औषधको अवैध ओसारपसार तथा कारोवार, नक्कली नोटको कारोबार, भन्सार छली, एक देशमा अपराधजन्य कार्य गरी सजिलै अर्को देशमा गई लुकीछिपी बस्ने कार्यको नियन्त्रण, सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिको नियन्त्रण तथा नियमनका लागि सीमाबाट हुने आवत-जावतलाई नियमन र व्यवस्थित गर्नु पर्ने विषयमा कसैको दुई मत हुन सक्दैन। सीमा व्यवस्थापन तथा नियमन गरी त्यस्ता अवाञ्छित गतिविधि रोक्ने कार्य सरकार र यसका निकायको हो। प्रत्यर्थी मध्ये गृह मन्त्रालयको लिखित जवाफ हेर्दा नेपाल भारत बीचमा आवागमनलाई व्यवस्थापन गर्न सीमा क्षेत्रमा ६ वटा अध्यागमन कार्यालयहरु स्थापना भई कार्य सञ्चालन भइरहेको, द्विपक्षीय हित र सम्वृद्धिका लागि नेपाल र भारतका विज्ञहरु रहेको प्रवुद्ध व्यक्ति समूह (ई.पि.जि) कमिटी गठन भई सन् १९५० को सन्धि लगायतका विषयमा छलफल भइरहेको छ; नेपाल-भारतका गृहमन्त्री, गृह सचिव तथा उच्च अधिकारी बीच विभिन्न समयमा सीमा व्यवस्थापन अन्तर्गत सीमा अपराध, तस्करी, मानव ओसार पसार नियन्त्रण, अवान्छित तत्वहरुको चलखेल नियन्त्रण, नक्कली मुद्रा नियन्त्रण एवम् अवैध लागू औषध ओसार पसार नियन्त्रण सम्बन्धमा आपसी सहयोग तथा सूचना आदान प्रदान जस्ता एजेन्डा र समसामयिक सुरक्षा व्यवस्थापनका विषयमा बैठक, अन्तरक्रिया हुँदै आइरहेको; सीमा जोडिएका स्थानका जिल्ला प्रशासन कार्यालयहरुको बैठक भई सीमा व्यवस्थापन र आवागमन व्यवस्थित गर्ने कार्यमा निरन्तर छलफल भइरहेको; सीमा क्षेत्रको सुरक्षा प्रबन्ध गर्नको लागि सशस्त्र प्रहरी बल नेपाललाई जिम्मेवारी तोकिएको; निवेदकले उठाएका विषयवस्तुलाई सम्वोधन गर्ने प्रयास भइरहेको; नेपाल सरकारले आफ्नो क्षमता बिस्तार गर्दै कूटनीतिक माध्यमबाट आवश्यक देखेका विषयमा द्विपक्षीय रुपमा नेपाल-भारत

बीच सीमा व्यवस्थापन र आवागमनका सम्बन्धमा संविधान र प्रचलित कानूनको अधीनमा रही सन्धि सम्झौता गर्ने नै छ भनी सरकारको तर्फबाट भएका काम कारवाही र प्रयासहरुका बारेमा उल्लेख गरेको देखिन्छ।

२९. नेपाल र भारतबीच प्रचलनमा रहेको खुला सीमा व्यवस्थाले सीमा वारपार आवत-जावत गर्न तथा व्यापार व्यवसाय लगायतका क्षेत्रमा दुई देशका नागरिकलाई सहजता भए तापनि खुला सीमानाको कारण बिना रोकटोक सीमा क्षेत्रबाट वारपार गर्न सक्ने अवस्थाले विभिन्न समयमा संक्रामक रोग फैलने गरेको समेत देखिन्छ। यस्तो खुला सीमानाको दुरुपयोग गरी अवाञ्छित एवम् आपराधिक गतिविधिहरु हुने गरेका कारण सो को नियन्त्रण गरी राष्ट्र र नागरिकको सुरक्षा प्रवन्ध गर्नु राज्यको दायित्व हो। सीमा क्षेत्रमा हुने अवैध गतिविधि रोक्न राज्यले परम्परा वा अन्य कुनै कारण देखाएर पञ्छिन मिल्दैन। सीमा व्यवस्थापन तथा नियमन गरी सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्न सरकारले प्रयास गरिरहेको भनी उल्लेख गरेको देखिए तापनि सीमा क्षेत्रमा अन्तर सीमा लागू औषध ओसारपसार तथा कारोवार, नेपाली चेलिबेटीहरु भारतमा लगि बेचबिखन गर्ने, भन्सार छली, अवैध कारोवार, नक्कली मुद्राको कारोबार, व्यक्ति हत्या, डाँका लगायतका आपराधिक क्रियाकलापहरु हुने गरेको देखिन्छ। यस प्रकारका आपराधिक गतिविधि नियन्त्रण गर्नको लागि स्थलगत सीमा नाकाहरु तथा आवत जावत गर्ने स्थानहरुमा सुरक्षा निकायको उपस्थिति सुनिश्चित गर्ने, विकसित प्रविधिहरु (CCTV) जडान गर्ने लगायतका माध्ययमबाट सीमाको व्यवस्थापन र निगरानी दुरुस्त बनाउनु सरकारको दायित्व हो।

३०. यसरी नेपाल भारत बीचको सीमा खुला रहेको भएपनि हाल चलिआएको माथि विभिन्न प्रकरणहरुमा उल्लेखित नियमित गतिविधिको लागि एक अर्को देशमा हुने आवत-जावतलाई असर नपर्ने गरी नेपाल सरकारले नेपालको संविधान र कानूनको अधिनमा रही दुई देश बीचमा भएका सन्धि सम्झौताको आधारमा आवश्यकता अनुसार थप सन्धि सम्झौता एवम् समझदारी गरी दुबै देशको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, राष्ट्रिय अखण्डता, स्वाधीनता एवम् स्वाभिमानको सम्मान गरी राष्ट्र र नागरिकको हक हितको रक्षाको लागि दुई देश बीचको राजनीतिक तथा कुटनीतिक माध्ययमबाट आवश्यक सहमति/समझदारी गरी नीतिगत व्यवस्था गर्ने र सुरक्षा निकायहरुको पहल तथा समन्वयमा सीमा क्षेत्रमा हुने

अपराध नियन्त्रण गर्ने वा अवैध कारोवार र अवाञ्छित गतिविधि रोक्न खुला रुपमा विना कुनै चेकजाँच एवम् विना निगरानी जुनसुकै समयमा आफ्नै देशभित्र हिँडडुल गरेजस्तो गरी आवत-जावत गर्ने परम्परालाई नियमन र व्यवस्थित गर्नु पर्ने देखिन्छ।

३१. नेपाल र भारतबीचको वर्तमान सीमाना सन् १८१६ को सुगौली सन्धि र १८६० मा ब्रिटिस सरकारले रासि पश्चिम महाकालीसम्मको तराई भूभाग हालका चार जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता गरेपछि निर्धारण भएको मानिन्छ। यद्यपि केही ठाउँमा सीमाना स्थायी रुपमा निर्धारण हुन नसक्दा अहिले पनि समय समयमा विवाद उत्पन्न हुने गरेको देखिन्छ। पछिल्लो समय कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका स्थानका सीमा विवादले उल्लेखित स्थानको भूभाग सम्बन्धी विषयवस्तु अझ संवेदनशील हुन पुगेको देखिन्छ। सीमा निर्धारण र सीमा अंकनको विषय कुटनीतिक रुपमा, आपसी सन्धि सम्झौता वा विज्ञ समुहबाट नाप नक्सा गरी दीर्घकाल रुपमा विवाद नआउने गरी ऐतिहासिक दस्तावेजहरु समेतका आधारमा निर्धारण गरिनु पर्ने विषय भएकाले यो कार्यकारीको क्षेत्राधिकारको विषय हो। अदालतले मुद्दाको रोहबाट दुई देश बीचको सीमा विवादलाई यो वा त्यो स्थानबाट सीमा अंकन गर्नु वा कुनै निश्चित विधिद्वारा सीमा निर्धारण गर्नु भनी निराकरण गरिने विषय होइन। अपितु; नेपालको स्वाधीनता, राष्ट्रियता, सार्वभौमसत्ताको प्रश्नसँग छिमेकी देशसँगको सीमा समस्या गाँसिएको छ। एउटा स्वतन्त्र राष्ट्रको निश्चित सीमारेखा हुन्छ। सीमा समस्या समाधानका निम्ति दुवैतर्फको उत्तिकै मात्रामा सहभागिता रहनु पर्छ। किनकि सीमा भनेको दुवै देशको साझा विषय हो, राष्ट्रको सीमा अत्यन्तै संवेदनशील विषय हो। यस सम्बन्धमा एकअर्काको धारणा बुझ्ने–बुझाउने सुन्ने–सुनाउने उपयुक्त वातावरण निर्माण गरिनु पर्दछ। यिनै परिप्रेक्षमा नेपाल र भारतबीचको सीमा मामिला आपसी समन्वय, सद्भाव र सकारात्मकतामा सदाका लागि समाधान गर्नु पर्दछ। दुवै देशबीच दौत्य सम्बन्ध अझ सुदृढ र प्रगाढ पार्नका लागि पनि आपसी वार्ता, विश्वास, समझदारी र समन्वयमा सीमा सम्बन्धी विवाद समाधान गरिनु पर्ने हुन्छ। नेपाल–भारत उच्चस्तरीय विज्ञ सीमा कूटनीतिक मिसन परिचालन गरी सहज वातावरण सिर्जना गर्नुपर्छ। नेपालको संविधानले परिकल्पना गरेको नेपालको स्वतन्त्रता,

सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वाभिमान, नेपाली नागरिकको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र सम्वृद्धिको मामिलामा स्वतन्त्र राष्ट्रले आपसी समझदारी, सन्धि सम्झौता वा दुई देश बीचको सहमतिबाट कुनै निश्चित विधि वा प्रक्रियाबाट पुनः विवाद उत्पन्न नहुने किसिमले दीर्घकाल रुपमा सीमा विवाद समाधान गरिनु पर्दछ।

३२. तसर्थ, उल्लिखित आधार कारण एवम् अवस्था र परिस्थितिका आधारमा सीमा नाकालाई व्यवस्थित गर्न विभिन्न स्थानमा अध्यागमन कार्यालय स्थापना गरिएको, सीमा क्षेत्र लगायत विभिन्न क्षेत्रमा देखिएका समस्या समाधान गर्न नेपाल भारतका विज्ञहरु रहेको प्रवुद्ध समूह गठन गरी अध्ययन भइरहेको, सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्न विभिन्न प्रयासहरु भइरहेको, सीमा क्षेत्रको सुरक्षा तथा सीमा व्यवस्थापन गर्न सशस्त्र प्रहरी बल नेपाललाई जिम्मेवारी दिइएको भनी लिखित जवाफमा उल्लेख गरेको र विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा समेत जिकीर लिएको भएपनि नेपाल भारत बीच खुला सीमाना रहेको सन्दर्भमा खुला सीमानाको नियमन र व्यवस्थापन हुन नसकेको कारण सो को दुरुपयोग गरी सीमा क्षेत्रमा विभिन्न अवैध र अपराधिक गतिविधि भएको, जसले गर्दा शान्ति सुरक्षामा चुनौति बढेको देखिंदा त्यस्ता गतिविधि रोकी प्रभावकारी सीमा व्यवस्थान गर्नु गराउनू भनी प्रत्यर्थीहरुका नाममा देहाय बमोजिमको परमादेश जारी हुने ठहर्छ।

क) सीमा क्षेत्रमा हुने अवैध तथा अपराधिक क्रियाकलाप रोक्न तथा आवत-जावत प्रणालीलाई व्यवस्थित बनाउन नेपालको संविधान, प्रचलित कानून, अन्तर्राष्ट्रिय कानून तथा दुई देश बीच भएका सन्धि सम्झौताको आधारमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपाली नागरिकको हकहितको रक्षा, सीमानाको सुरक्षा र नेपालको राष्ट्रिय हितको संरक्षण प्रयोजनार्थ राजनीतिक एवम् कूटनीतिक पहल गरी आवश्यकता अनुसार थप सन्धि सम्झौता गर्नु पर्ने भए गरी आपसी समानता, सम्मान र पारस्परिक हित एवम् चासोको आधारमा खुला सीमाना व्यवस्थापन तथा नियमन गर्नू गराउनू।

ख) खुला सीमाको प्रभावकारी व्यवस्थापनका लागि प्रयोग गर्न सकिने आवश्यक ड्रोन, CCTV जस्ता प्रविधिको प्रयोग गरी सुरक्षा निकायले गर्ने निगरानीका लागि सुरक्षा

व्यवस्था चुस्त दुरुस्त बनाई नेपाल भारत सीमा वारपार गर्नका लागि निश्चित स्थलमार्गहरुको निर्क्योल गरी उक्त स्थलमार्गहरुबाट आवत-जावत गर्ने यात्रुहरुमा भाषाको समस्या नहोस भन्नका लागि सीमा नाकामा रहेका अध्यागमन कार्यालय तथा सुरक्षा निकायहरुमा कार्यरत जनशक्तिहरुलाई भरसक भाषागत तालिम प्रदान गरी नेपाल प्रवेश गर्ने यात्रुहरुले अध्यागमन कार्यालय वा सुरक्षा निकायमा आधिकारिक परिचयपत्र देखाई त्यसको अभिलेख समेत राखी सीमा क्षेत्रमा हुने आवत-जावतलाई नियमन र व्यवस्थित गर्नू गराउनू।

ग) नेपालको संविधान तथा कानूनको अधिनमा रही नेपाल भारत बीच विगतमा भएका सन्धि सम्झौता एवम् ऐतिहासिक दस्तावेजहरु समेतका आधारमा नेपालका मिचिएका सीमा क्षेत्रको स्पष्टता र सिमा अंकनको लागि भारतसँग कुटनीतिक रुपमा पहल गरी समझदारी कायम गरी उचित प्रक्रियाबाट पुनः विवाद उत्पन्न नहुने गरी विवादित सीमाको उचित किसिमले विवादित क्षेत्रको सीमा अंकन गरी विवाद समाधान गर्नू।

घ) साथै हराएका सीमा स्तम्भको निर्माण, पुनर्स्थापना गर्ने र दशगजा क्षेत्र खाली गराउने कार्य विज्ञ समूहले गरिरहेको भन्ने लिखित जवाफमा उल्लेख गरेको देखिँदा उक्त कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाई सम्पन्न गरी गराई सीमा विवाद समाधान गर्नू गराउनू।

३३. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृतः- गगनदेव महतो, दीपिका थापा मगर, नबिन आचार्य/ दुर्गा प्रसाद खनाल

कम्प्युटर अपरेटरः- सुप्रभा अर्याल

इति संवत् २०७८ साल वैशाख १२ गते रोज १ शुभम्..........................................।